सुदूरपश्चिम प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

धनगढी, कैलाली ।

## विज्ञप्ति

सुदूरपश्चिम प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका माननीय मन्त्री पृथ्वी बहादुर सिंहज्यू सरकारी कामको सिलसिलामा मिति २०८० असार ५ गते डडेल्धुरा जिल्लाबाट बझाङ जिल्ला जाने क्रममा बझाङ जिल्लाको केदारस्यूँ गाउँपालिका वडा नं. १ जुवालीखेत, देउरामा माननीय मन्त्रीज्यू सहित ५ जना सवार सु.प.प्र. ००१ झ. ४८० नम्बरको गाडी दुर्घटनामा परी उहाँको धर्मपत्नी अमृतादेवी सिंह र भाउजू जयादेवी सिंहको प्राथमिक उपचारको क्रममा देउरास्थित रितु पोलिटेक्निकमा निधन भएको र माननीय मन्त्रीज्यूलाई उपचारको लागि नेपाली सेनाको हेलिकप्टरबाट नेपालगञ्ज मेडिकल कलेज पुऱ्याइएकोमा उपचारको क्रममा बेलुका ५ बजेर ३३ मिनेटमा देहावसान भएको हुँदा सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०।०३।०५ गते बसेको बैठकले सवारी दुर्घटनामा परी निधन भएका मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्नुका साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै माननीय मन्त्री पृथ्वी बहादुर सिंहज्यूको असामयिक निधनमा मिति २०८० साल असार ६ गते वुधबारका दिन सुदूरपश्चिम प्रदेशभर शोक बिदा दिने र उक्त दिन सुदूरपश्चिम प्रदेशभरका सरकारी तथा सार्वजनिक निकायहरुमा नेपालको राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेकोले सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञप्ति जारी गरिएको छ ।

२०८०।३।५

सुचना अधिकारी